दूधपोखरी गाउँपालिकाको गाउँसभामा

गाउँपालिका अध्यक्ष धन प्रसाद गुरुङ द्वारा प्रस्तुत

# दूधपोखरी गाउँपालिकाको नीति तथा कार्यक्रम २०७९/८०

आषाढ १० , २०७९

दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

यस गरिमामय सदनमा उपस्थित गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, गाउँपालिकाकामा कार्यरत विभिन्न शाखाका प्रमुख तथा कर्मचारीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु !

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि आफ्नो जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीवनको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु । संघीय शासन प्रणालीको आधारस्तम्भको रुपमा जनताको नजिकको सरकारका रुपमा स्थानीय सरकार स्थापना भएपश्चात प्रथम निर्वाचित जनप्रतिनिधि ज्युहरुको पाँच वर्षे स्वर्णिम कार्यको मुक्तकण्ठले प्रशंसा गर्दै अहोरात्र खटी जनतालाई पुर्याउनु भएको सेवाप्रति हार्दिक आभार प्रकट गर्दछु । समृद्ध दूधपोखरी निर्माणको आकांक्षालाई समुचित सम्बोधन गर्दै सविंधान क्षेत्राधिकारको परिधिमा रही विगतका अनुभव, गाउँसभा मार्फत पारित ऐन, नियम तथा कार्यविधि समेतका आधारमा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

स्थानीय निर्वाचन २०७९ को स्थानीय तह सदस्य निर्वाचनमा हामि निर्वाचित जनप्रतिनिधिहरुलाई आफ्नो अमुल्य मत दिई निर्वाचित गराउनु हुने सम्पूर्ण दूधपोखरीवासी वुवाआमा, दाजुभाइ तथा दिदिबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दै नपालको सविंधानले परिकल्पना गरेको तिन तहको सरकारबीचको सहकार्य, समन्वय र सहअस्तित्वको मर्म अनुसार नेपाल सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तिसहितको कार्यक्रमलाई हृदयंगम गरि समतामुलक समाज निर्माण र गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम प्रयोग गरि आर्थिक, भौगोलिक, सांस्कृतिक दृष्टिले कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, पूर्वाधार विकासको सकारात्मक परिवर्तनप्रति प्रण गर्दछौ ।

कोभिड-१९ का विभिन्न लहरको असर  तथा आर्थिक संकटले राष्ट्रको आर्थिक अवस्था खस्किदो, घाटाको बजेटको अर्थतन्त्रबाट माथि उठ्न नसकिरहेको यो परिपक्षमा भौगोलिक दृष्टिले अति विकट यस क्षेत्र, खेतियोग्य जमिन, वेरोजगारी, सबै वडामा यातायातको सहज पहुँच नहुनु, जीवनस्तर खासै माथि उठ्न नसक्नु, बसाइ सराइको दर तिब्र रुपमा अगाडी बढनु हाम्रो गाउँपालिकाको चुनौतीको रुपमा रहेको छ । जनताका आधारभूत आवश्यकता पुरा गर्नु, शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमार्फत

वेरोजगारी समस्या समाधान गर्नु, दिगो पूर्वाधार विकास गराई आफ्नै गाउँमा बसौं बसौं लाग्ने वातावरण सृजना गर्नु हाम्रो सरकारको लक्ष्य रहेको छ। यस कार्यमा हामि जनप्रतिनिधि जनताको सेवक वनि एकजुट भएर प्राप्त श्रोत र साधनलाइ समुचित रुपले परिचालन गरि दूधपोखरी सम्मुनतिको दियो वाल्नुपर्ने आवश्यकता देख्दछु।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु,**

(१) लोकतन्त्रको आधारस्तम्भको रुपमा एवं जनताले महसुस गर्न सक्ने र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसंग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समायोचित सम्वोधन गर्दै समग्र गाउँपालिका समृद्धि तर्फ तिव्र गतिको यात्रा तय गर्नुपर्ने अवस्थामा हामी स्थानीय सरकार रहेको छौँ । यस विचमा स्थानीय सरकारको स्वरुपलाई संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको वलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि हाम्रो सरकार काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ ।

(२) स्थानीय सरकार जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र अपेक्षा पूरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ । भौगोलिक जटिलता र बिभिन्न समस्याहरुका बाबजुद स्थानीय सरकारले स्थापनाकाल देखी हालसम्म हासिल गरेका केही महत्वपूर्ण उपलब्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

(३) नेपालको सन्दर्भमा स्थानीय सरकार नवीनतम प्रयोग भएकाले स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि स्थानीय सरकार सञ्चालनका क्रममा स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी भई कार्यान्वयनमा आएका छन् । यसबाट स्थानीय सरकारलाई संविधान एवं कानुन वमोजिम प्रदत्त विधायिकी अधिकारको संस्थागत हुंदै गएको र गाउँपालिकामा कानुनी र कार्यविधिगत आधार तयार भई काम कारवाहीमा थप सहजता आएको छ ।

(४) स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन वमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष दर्ता भएका २८ वटा विवादहरु मध्ये २६ वटाको आपसी छलफल र मेलमिलापको माध्यमबाट न्याय निरुपण गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ ले व्यवस्था गरेको न्यायिक समितिको अधिकार क्षेत्रको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने कार्य भइरहेको छ ।

(५) गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको काम सम्पन्न गरि भवन निर्माण कार्यको लागि बोलपत्र आह्वान गरी निर्माणाधीन चरणमा रही ७० प्रतिशत काम पुरा भएको र आगामी आ. व. ७९/८० मा निर्माण कार्य सम्पन्न हुनेछ ।

(६) यस गाउँपालिकाको वार्ड न २ बिचौर मा १५ सैयाको अस्पताल निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको काम सम्पन्न गरि भवन निर्माण कार्यको लागि बोलपत्र आव्हान गरि निर्माणाधीन अवस्थामा रही हालसम्म १८ प्रतिशत भौतिक प्रगति भइसकेको र आर्थिक वर्ष २०८०/८१ मा निर्माण कार्य सम्पन्न हुनेछ।

(७) गाउँपालिका केन्द्र देखी हरेक वडा कार्यालय र हरेक टोल टोलमा मोटरबाटोको पहुँच पुगेको छ । विभिन्न स्थानमा कृषि सडक निर्माण सम्पन्न भएको छ । फुलिङगिरि, जोर्ने र विचौरमा सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भएको छ। गाउँपालिकाका सबै वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको छ ।

(८) गाउँपालिका भित्रको पर्यटन प्रवर्धन लेभारच्यो र इलमपोखरीमा ताल निर्माण, गौंडाकोटमा भ्यु टावर निर्माण कार्य सम्पन्न भएको साथै देउराली, लेभारच्यो, इलमपोखरी लगायतका पर्यटकीय स्थानलाई मोटरबाटोले जोड्ने काम भएको छ । गाउँपालिकाको घमरचोक, भुम्लिचोक र गौंडामा होमस्टे संचालनमा आएको छ ।

(९) ढुंगा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न गाउँपालिका क्षेत्रभित्रका वगरहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी सो सम्वन्धि आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलन गरिनुका साथै व्यवसाय दर्ता, होमस्टे दर्ता, जलश्रोत समिति दर्ता, पानीको मुल दर्ता लगाएतका कार्य भइरहेको छ।

(१०) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्न गाउँ शिक्षा समितिको गठन गरिएको छ । आधारभूत तहको परीक्षा सञ्चालन, अनुमगन र व्यवस्थापन गर्न छुट्टै कार्यविधि निर्माण गरि कक्षा आठको परीक्षा मर्यादित एवं व्यवस्थित रुपमा सम्पन्न गरिएको छ ।

(११) गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रकृयामार्फत चालु आर्थिक वर्ष ०७८/७९ मा स्थानीय स्तरको विकासका लागि १८८ वटा वार्षिक योजना बनाई कार्यान्वयन गर्दै गर्दा जेष्ठ मसान्त सम्म पूँजिगत प्रकृतिका १५२ योजनाहरु सम्पन्न भएका र वाँकी योजनाहरु सम्पन्न हुने चरणमा रहेका छन् । यसवाट जनप्रतिनिधिको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन एवं जनताको सुख-दु;खमा साथ दिने गरी हाम्रो सरकार सशक्त हुँदैछ ।

(१२) हाम्रो सरकारले कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोगको लागि नेपाल सरकार तथा प्रदेश सरकारसंग साझेदारी एवं संयुक्त व्यवस्थापनमा बृहद पूर्वाधार निर्माण लगायतका कार्य गर्दै आएको छ । विभिन्न कार्यक्रममा नेपाल सरकारसंग साझेदारी गरी समन्वय, सहकारीता र सहअस्तित्वको सिद्धान्तलाई स्विकार गरेका छौँ ।

(१३) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्न हाम्रो सरकारले प्राथमिक स्वास्थ्य केन्द्र गौडा र स्वास्थ्य चौकी विचौरमा वर्थिङ सेन्टर स्थापना गरी संचालनमा ल्याएको छ । त्यसैगरी नागरिकको सेवाको लागि सवै वडाहरुमा रहेका स्वास्थ्य चौकी मार्फत स्वास्थ्य परीक्षण गरिएको छ ।

(१४) गाउँकार्यपालिकाको कार्यालय र माध्यामिक विद्धालयहरुमा विद्धुतीय हाजिरी जडान गरी विधुतीय शासनको अभ्यास गरिएको छ । गाउँपालिकाको डिजिटल प्रोफाईल र एन्ड्रोईड एप्स तयार भईसकेको साथै गाउँकार्यपालिका कार्यालयको सुरक्षाका लागि सिसि क्यामेरा जडान गरिएको छ ।

(१५) अनुदानमा आधारित विविध कृषिजन्य सामाग्री वितरण, पशु विकास कार्यक्रम संचालन गरी कृषिमा आधुनिकीकरण गर्न खोजिएको छ ।

(१६) हाम्रो सरकारले गाउँपालिका भित्र प्राकृतिक तथा मानव सृजित कारणबाट हुन पुगेका घटनाहरुको तत्कालै सम्वोधन गरी स्थानीय सरकारको अनुभूति दिने प्रयास गर्दै आएको छ । प्राकृतिक प्रकोपबाट पिडितलाई विपद व्यवस्थापन कोषबाट तत्काल वजेट प्रवन्ध गर्नुका साथै दीर्घ रोग लागेका विपन्न नागरिकको स्वास्थ्य उपचारार्थ आर्थिक सहायता समेत प्रदान गर्दै आएका छौँ ।

(१७) ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण गर्ने कार्य निरन्तर चलिरहेको छ। सबै वडामा वैंकिङ प्रणालि मार्फत ज्येष्ठ नागरिक भत्ता वितरण गर्ने कार्य शुरुवात गरिएको छ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० का लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्फ यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु ।

(१८) यस प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्धम

(१९) शीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने तर्फ केन्द्रित छन् ।

(२०) गाउँपालिकालाई आवश्यक विभिन्न क्षेत्रसँग सम्बन्धित ऐन, नियम तथा कर्यिविधि तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।

(२१) विकासमा निश्चित उद्देश्य हासिल गर्न अपनाईने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनावद्ध विकासको शुरुवात गर्न हाम्रो सरकारको आवधिक योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

(२२) भौतिक पुर्बाधार निर्माणको कामलाई थप प्रभावकारी बनाउन गाउँपालिकामा रहेको प्राविधिक शाखामा यन्त्र उपकरणहरुको उचित व्यवस्थापन गरिनेछ ।

(२३) गाउँपालिकाभित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित गर्न मर्मत सम्भार कोष स्थापना गरी कोषलाई आवश्यक कार्यविधि बनाई व्यवस्थित बनाउँदै लगिनेछ ।

(२४) कृषिलाइ विविधिकरण, व्यवसायिकरण र औधोगिकरण गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुराउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन गरिनेछ । बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन गरिनेछ ।

(२५) गाउँपालिकाको परम्परागत पहिचानमा रहेको धान, कोदो, मकै, फापर, कागुनो र आलु खेतीको प्रवर्द्धन गर्दै तरकारी खेती, मौरीपालन, अलैंची खेती, चिराइतो फलफूल खेती, भिरमौरीको सम्वर्द्धनका साथै उन्नत वीउविजनहरु अनुदानमा वितरण गरी यस दूधपोखरी गाउँपालिकालाई विउ वितरण गर्ने केन्द्र बनाईने छ ।

(२६) नयाँ बहुउद्देश्यिय नर्सरी स्थापना गरी कृषकलाई फलफुल तथा तरकारीका विरुवाहरु उपलब्ध गराई कृषि योग्य जमिनलाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गरिने र हावापानी सुहाउँदो फलफुल खेती तथा तरकारी उत्पादन गर्ने कार्यलाई प्रवर्द्धन गरिने छ ।

(२७) गाउँपालिका भित्रका खेतीयोग्य जमिन तथा वाँझो जमिनमा आवश्यक सिँचाइको व्यवस्था गरी कृषि उत्पादन बढाईनेछ । पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयारी गरी कृषि सडक तथा स्थानीय स्तरका सिँचाइ प्रणालीको निर्माण गरिनेछ ।

(२८) महामारीले सृजना गरेको बेरोजगारीको समस्या समाधानका लागि कृषिमा यान्त्रिकिकरण गर्न आधुनिक कृषि सामाग्री तथा औजारहरुमा अनुदान उपलब्ध गराउने तथा कृषकका लागि तालिम र सिँचाईको प्रभावकारी व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।

(२९) नगदे बालि तर्फ अलैचि,ओखर ,चियापत्ती,किबि, कफि, टिमुर, दलहन, तेलहन बाली जस्ता खेतीलाई उच्च प्राथमिकतामा राखिएको छ । सहकारी मार्फत खेती गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । कृषि पेशालाई रोजगारीको आकर्षक क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले कृषकहरुलाई उनीहरुको लगानी र उत्पादनका आधारमा निश्चित मापदन्ड बनाएर नगद अनुदान दिने नीति लिईनेछ ।

(३०) कृषिजन्य उपजहरुलाई औधोगिकरण गर्नका लागि उनिउँ तथा वनमारालाई उपयोग गरी व्रिकेट कारखाना तथा लोक्ता/अल्लोलाई प्रयोग गरी नेपाली कागज कारखाना एवं कपडा, थैला, झोला निर्माण गर्ने रणनीतिलाई अगाडी बढाईनेछ ।

(३१) यस गाउँपालिकामा पाईने जडीबुटीहरुको पहिचान गरी बहुमुल्य जडीबुटीहरुको उत्पादन र तिनिहरुको उपयोग र बिक्री वितरण मार्फत आय आर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्नको लागि जडिबुटीको सम्भाव्यता अध्ययन गरी विस्तृत अध्ययन प्रतिवेदन तयार पारी कार्यान्वयनमा लगिनेछ ।

(३२) व्यवसायिक पशुपालनमा जोड दिइनेछ। सो कार्यकालागि पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत पशुपंक्षिलाई लाग्न सक्ने महामारीजन्य रोगलाई नियन्त्रणमा लिनको लागि आधुनिक प्रयोगशाला स्थापना गरिने छ । उपचार कार्य प्रभावकारी ढंगले व्यवस्थापन गर्ने एंव जिनेटिक रोग तथा अन्य महामारी रोग नियन्त्रण गर्न रोग विरुद्धको खोप संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

(३३) घुम्ति भेडागोठ , बाख्रागोठ, गाईगोठ, भैँसीगोठ तथा स्थानीय कुखुरा संरक्षणका लागि पहल गरिनेछ। दिईरहेको अनुदानको कार्यक्रमलाई थप व्यवस्थित गर्नुको साथै पशुपालन व्यवसायलाई आधुनिकिकरण गर्न केन्द्र सरकारसँग लागत साझेदारीमा अनुदानमा आधारित भेडा र भैंसी संरक्षण कार्यक्रम र भेडाको उन विकास कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरि भेडाको उनबाट बन्न सक्ने राडी, पाखी,कम्मल जस्ता सामग्री उत्पादन गर्न कृषकलाई तालिम दिई प्रबिधि हस्तान्तरण गरिनेछ।

(३४) कषि तथा पशुपंक्षि पालनलाई व्यवसायिक बनाउन व्यवसायिक कृषि तथा पशुपंक्षि पालकलाई सहज र सरल रुपमा पूँजि व्यवस्थापनका लागि विऊ विजन तथा पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन, पशु आहार जस्ता कार्यक्रम कृषि तथा पशु विकास शाखाको सहकार्यमा संचालन गरिनेछ ।

(३५) सामूहिक पशुपालन गर्न तर्फ आकर्षित गरी स्वदेश तथा विदेशमा रोजगारी गुमाएका नागरिकहरुलाई रोजगारी सृजना गर्ने नीति अवलम्बन गरिने छ ।

(३६) यस गाउँपालिकामा खेर गई रहेको सिस्नोको पाउडर बनाई निकाशी गर्नका लागि तालिम प्रदान गरि प्रविधि हस्तान्तरण गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

(३७) गरिबी निवारण कोषद्वारा प्रबर्धित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा विकास गरी रोजगारी प्रबर्धन गरिने छ ।

(३८) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रर्वदन, परिचालन र विकास गरिनेछ ।

(३९) सहकारी सम्वन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गरी दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र विक्री वितरण गर्ने सहकारीलाई विशेष अनुदानको व्यवस्था गरि सहकारी मार्फत रोजगारीको अवसर श्रृजना गरिने छ ।

(४०) दूधपोखरीसम्म जाने बाटो मर्मत गरि दूधपोखरी क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा प्रवर्धन गरिनेछ । देउराली ताल र लेब्हर च्यो ताल क्षेत्रको बृस्तृत परियोजना प्रतिवेदन तयार गरि सकिएको हुँदा उक्त क्षेत्रलाई पर्यटकीय रुपमा विस्तार गर्न विशेष पहल गरिनेछ। जोर्ने-देउराली-ईलमपोखरी-लिपे हुँदै दुधपोखरी कुन्डसम्म पुग्ने पदमार्ग निर्माण कार्यको लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी निर्माण कार्यको लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय र सहकार्य गरीनेछ । साहसिक पर्यटन प्रबर्धन गर्न गाउँपालिकामा साइकिलिङ प्रतियोगिता गर्नको लागि आवश्यक भौतिक संरचना तयार गरि कार्यक्रममा जोड दिईनेछ ।

(४१) यस दूधपोखरी गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरुको पहिचान विकास एंव सम्बर्द्धन गर्नको लागि गाउँपालिकाको पर्यटन गुरुयोजना तयार पारि कार्यान्वयनमा लगिनेछ । होमस्टे कार्यक्रमलाई विस्तार गरि संचालकलाई आवश्यक तालिमको व्यवस्था गरि गुणस्तरीय होमस्टे कार्यक्रम संचालन गर्ने विशेष पहल गरिनेछ । पर्यटकीय विकासको संभावनालाई मध्यनजर राख्दै यस क्षेत्रमा

होमस्टे संचालन, पर्यटकीय पदमार्ग, पिकनिक स्पोट निर्माण मार्फत पर्यटकीय स्थलहरुको प्रचार-प्रसार गर्ने नीति अवलम्बन गरिने छ ।

(४२) स्थानीय स्तरमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइने छ । साथै स्थानीय स्तरमा लगानी मैत्री वातावरण कायम गरी थप लगानीका श्रोतहरु भित्र्याउन आवश्यक वातावरणको श्रृजना गरिने छ ।

(४३) वैक तथा वित्तीय संस्थासंगको सहकार्यमा सवै नागरिकमा वैक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

(४४) गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । **हाम्रो गाउँपालिका हाम्रो कर**, **समृद्ध बनाउने हाम्रै रहर** भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान गर्ने व्यवस्था गरिनेछ । पटके सवारी साधन कर र दहत्तर बहत्तर कर लाई थप व्यवस्थित गरिनेछ । यसै गाउँपालिका अन्तर्गत निर्माणाधीन हाइड्रोपावर कम्पनिहरुसंग पालिकाको राजस्व वृद्धि गर्ने हेतुले नेपाल सरकारले तोके वमोजिमको करको दायरामा ल्याइनेछ।

(४५) गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने कार्य लाई व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवं नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ । गाउँपालिका भित्रका वस्तीहरुमा स्थानीय उत्पादन विक्रीको बजार व्यवस्थापन तथा ढुवानीको उचित व्यवस्था गरिनेछ ।

(४६) जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पुर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकांक, राजस्व तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नविनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

(४७) सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिनेछ । यसका लागि गाउँपालिकामा सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समिति गठन गरी क्रियाशिल बनाईनेछ । आ.व. २०७९/८० लाई सार्वजनिक सम्पत्ति जग्गा संरक्षण वर्ष अभियानका रुपमा अगाडि बढाउने प्रवन्ध मिलाईनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

(४८) गाउँपालिका भित्रका सवै वालवालिकालाई आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क तथा अनिवार्य गरिने छ । सवै विद्यालयलाई वालमैत्री बनाउनुका साथै प्रत्येक विधालयमा कक्षा ५ सम्मका बालबालिकालाई प्रदान गरिएको दिवा खाजा कार्यक्रम अगामी आर्थिक वर्षबाट कक्षा छ सम्म विस्तार गरिनेछ ।

(४९) सवैका लागि शिक्षा अभियान सञ्चालन गरीनेछ । सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिईनेछ ।

(५०) बालकक्षामा कार्यरत सहजकर्तालाई वाल मनोबिज्ञान सम्बन्धी तालिम दिई सक्षम बनाउने तथा उनीहरुको कार्यक्षमताको आधारमा प्रोत्साहन गरिने छ । वालमैत्री कक्षा कोठा निर्माण गर्न आवश्यक शैक्षिक सामाग्रीहरु उपलब्ध गर्ने कार्य र प्रारम्भिक वाल विकास केन्द्रका सहयोगी कार्यकर्तालाई नेपाल सरकारले तोकेको न्युनतम आधारभूत सुविधालाई निरन्तरता दिईनेछ ।

(५१) गाउँपालिकाको समग्र शैक्षिक योजनालाई व्यवस्थित गर्न तयार पारिएको आवधिक शिक्षा योजना कार्यन्वयनमा ल्याईनेछ र स्थानीय पाठयक्रम निर्माणलाई अगाडी बढाइएको छ ।

(५२) विद्यार्थी संख्या भूगोल तथा आबश्यकताको आधारमा विद्यालय समायोजन ,कक्षा थप घट वा वन्द गर्ने नीतिगत ब्यबस्थालाई सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, ब्यबस्थापन, पुनर्वितरण आवश्यकता विद्यार्थी संख्याका आधारमा गरिने छ ।

(५३) सामुदायिक विद्यालयहरुलाई प्रदान गरिदै आएको गाउँपालिका अनुदानलाई निरन्तरता प्रस्तावनाका आधारमा वितरण गर्ने कार्यलाई व्यवस्थापन गरिनेछ ।

(५४) कक्षा १-१० का सम्पुर्ण आवधिक परीक्षालाई एकरुपता कायम गरी परीक्षा प्रणाली थप प्रभाबकारी बनाइने छ । प्रधानाध्यापकको ब्यबस्थापकीय तथा नेतृत्व सम्बन्धि विद्यालय ब्यबस्थापन समितिको अधिकार, कर्तब्य र नेतृत्व विकास गर्न तालिम, शिक्षक पेशागत विकास तालिम, शैक्षिक सामग्री निर्माण कार्यशाला आदि कार्यक्रम सञ्चालन गरीने छ ।

(५५) विद्यालय निरीक्षण तथा अनुगमनलाई प्रभाबकारी बनाई सुपरभाईजर इन क्लासरुम (**Supervisor in Classroom**) कार्यक्रम सञ्चालन अनुगमनका आधारमा सबै माध्यमिक विधालयमा विज्ञान प्रयोगशाला, आइ. सि. टी. प्रयोगशाला, पुस्तकालय र गणित प्रयोगशालाको पहुँच पुर्याइनेछ । यसै वर्षबाट एक विद्यालय एक ल्यापटप कार्यक्रम सुरुवात गरिनेछ । विद्यालयले गर्नुपर्ने शैक्षिक क्रियाकलापहरु समयमै सम्पादन गरी शैक्षिक उपलब्धिहरु हासिल गराउन शिक्षा अधिकृत

र प्रधानाध्यापक वीच कार्यसंम्पादन संझौता गरिने छ । प्रधानध्यापक पदलाई प्रस्तावनाका आधारमा आवधिक नियुक्ति गर्ने प्रक्रिया सुरुवात गरिने छ । सबै माध्यमिक तथा आधारभुत तहमा अध्ययनरत कक्षा ( ६-१२ ) का छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिईनेछ ।

(५६) विद्यार्थीको आन्तरिक प्रतिभा प्रस्फुटन गराउन विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप, प्रतिभा पहिचान, विद्यार्थी सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(५७) बृद्धबृद्धा तथा दिर्घरोगीको घरबाटै स्वास्थ्य पहुँचमा सहजताका लागि महिला स्वास्थ्य स्वयं सेविकालाई बि. पी. सेट बितरण तथा भाईटल मापन सम्बन्धि तालिम संचालन गरिनेछ ।

(५८) गर्भवती महिलालाई आफ्नो स्वास्थ्य प्रति सचेत गराउन र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई थप जिम्मेवार बनाउन **आमासंग** स्वयंसेविका **कार्यक्रम** संचालन गरिनेछ । ग्रामिण क्षेत्रमा बसोबास गर्ने गर्भवती महिलाहरुको समस्यालाई मध्यनजर गर्दै ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम लागु गरिनेछ । आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत गर्भजाँच तथा सुत्केरी महिलाहरुका लागि अण्डा बितरण, न्यानो झोला कार्यक्रम लागु गरिनेछ ।

(५९) यस पालिका अन्तर्गतका बर्थिङ सेन्टरहरु गौडा प्राथमिक स्वास्थ्य केन्द्र र बिचौर स्वास्थ्य चौकी बीच ईन्टरनेटको व्यवस्था गरि सुरक्षित मातृत्वको लागि टेलिमेडिसिन कार्यक्रम संचालन गरिनेछ । रोग तथा समस्याहरुको निदानका लागि यसै बर्ष कुनै एक स्वास्थ्य चौकीमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा उपलब्ध गराईने छ र क्रमशः थप गर्दै लगिने छ ।

(६०) प्रत्येक सामुदायिक बिद्यालयहरुमा प्राथमिक स्वास्थ्य सेवा किटको व्यवस्था गरिनेछ । सामुदायिक बिद्यालयहरुमा मासिक रुपमा संचालन भएको बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ । अध्ययनरत किशोरीहरुलाई महिनावारी सरसफाई तथा स्यानिटरी प्याडको प्रयोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम र सबै बिद्यार्थीहरुलाई प्रत्येक ३ महिनामा स्वास्थ्य परिक्षण गरि आवश्यक औषधी उपचारको व्यवस्था गरिनेछ ।

(६१) यस गाउँपालिका अन्तर्गत गौडा प्रा.स्वा.केन्द्रमा रोग निदान सेवा अन्तर्गत एक्स रे सेवा, भिडियो एक्स रे, इ.सि.जि सेवा संचालन गरिनेछ । नियमित खोप कार्यक्रमलाई निरन्तरता दिन गौडा प्रा.स्वा.केन्द्रलाई सबसिडाईरी भ्याक्सिन केन्द्रको रुपमा संचालन गर्ने र यसको सुरक्षा, सम्भारका लागि तालिम प्राप्त स्वास्थ्यकर्मी तथा कोषको व्यवस्था गरिनेछ ।

(६२) स्वास्थ्य संस्थाहरुका लागि अत्यावश्यक औषधी खरिद तथा बितरण कार्यलाई निरन्तरता दिई मागमा आधारित बितरण प्रणाली तथा औषधीको समुचित प्रयोगमा जोड दिईनेछ । स्वास्थ्य संस्थाहरुमा संक्रमण रोकथाममा बिशेष ध्यान पुर्याई यसका लागि आवश्यक निर्देशिका बनाई कार्यान्वयन गरिनेछ र तालिमहरु संचालन गरिनेछ ।

**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**

(६३) गाउँपालिकामा निर्माण हुने भौतिक संरचना तथा घर निर्माण कार्य व्यवस्थित गर्न अनिवार्य नक्सा पास गर्ने कार्यको थालनी गरिनेछ र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाईनेछ ।

(६४) हाल सम्म निर्माण भएका सडक, सिँचाई, खानेपानी तथा अन्य भौतिक पूर्वाधारहरुको दिगोपना कायम गर्न मर्मत संम्भार गरी स्तरोन्नती गर्ने नीति अवलम्बन गरिनेछ । भुकम्प पछिको पुन: निर्माण कार्यलाई प्रभावकारी बनाई शिघ्र सम्पन्न गर्न पहल गरिने छ ।

(६५) मुख्य सडकहरुलाई आठ मिटर कायम गरी सडक वरिपरि घर, टहरा निर्माण गर्दा मापदण्डमा आधारित भई घर, टहरा निर्माण गर्ने नीति अवलम्बन गरिने छ । आगामी आर्थिक वर्षमा मुख्य सडकलाई ग्राभेल गरी वडा कार्यालयमा जाने मोटर बाटोलाई समेत स्तरोन्नती गर्ने, मुख्य सडकको दायाँ वायाँ वृक्षारोपण गरि हरित सडक निर्माण मार्फत वातावरण संरक्षण गर्ने नीति लिइनेछ ।

(६६) गौंडा देखि बिचौरसम्म र बोरङखोला देखि पाल्लेसम्मको सडकलाई विशेष प्राथमिकतामा राखी बार्है महिना यातायात संचालन हुने गरि स्तारुन्नती गरि क्रमश वडा कार्यालयसम्म जाने बाटो र शाखा बाटोलाई सुधार गरि बार्है महिना यातायात संचालन गर्न सकिने गरि स्तरउन्नति  गरिनेछ।

(६७) यस गाउँपालिका अन्तर्गतका योजनाहरुमा गुणस्तरीय काम होस भन्ने हेतुले प्राविधिक प्रयोगशालाको निर्माणको सुरुवात गरिनेछ।

(६८) खेलकुद क्षेत्रको विकासको लागि **"एक वडा - एक खेल मैदान"** को अवधारणा अनुरुप प्रत्येक वडाहरुमा जग्गा आवश्यक  तथा खेलकुद पूर्वाधार विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाले सबैलाई पायक पर्ने ठाउँमा खेलकुद मैदान बनाउने नीति लिईनेछ । युवाहरुलाई खेल प्रती आकर्षण बढाउन गाउँपालिका स्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ।

(६९) ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईनेछ । अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ । पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाईनेछ ।

(७०) मूल, पोखरी, ताल-तलैयाहरुको संरक्षण तथा सुद्दढीकरण गरी सिँचाईको लागि समेत उपयोग गरिनेछ । भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड-२०७२ बमोजिम भवन निर्माण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ । भवन निर्माण कार्यका लागि गाउँपालिका बाट घर-जग्गा नक्सा पास कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

(७१) सुकुम्बासी समस्या समाधान र अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्न सम्बन्धित निकायसंग समन्वय गरिनेछ।

**गाउँसभाका सदस्यज्युहरु,**

(७२) ऊर्जा विकासको महत्वपूर्ण पूर्वाधार हो । गाउँपालिकाका हरेक वडाहरुलाई केन्द्रिय विद्युतिकरण सञ्जालमा आवद्ध गर्न पहल गरिनेछ । यस क्षेत्रमा संचालनमा रहेका लघु तथा साना जलविद्युतको मर्मत संभारमा सहयोग एवम् सहजिकरण गरी विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाइनेछ । यस क्षेत्रमा रहेको प्रसारण लाइनमा प्रयोगमा रहेका सम्पूर्ण काठे पोलहरुलाई फलामे पोलद्वारा विस्थापन गरिनेछ।

(७३) विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

(७४) ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति, विधुवा, वालवालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकोमा हाम्रो सरकारले आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई विशेष संरक्षणको नीति लिनेछ जसका लागि आवश्यक वस्तुगत सहायता वितरण र सुकुम्बासीहरुका समस्या समाधान लगाएतका कार्यक्रम संचालनका लागि **गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा तथा वचाउ कार्यक्रम** संचालन गरिनेछ ।

(७५) शारीरिक रुपमा अशक्त व्यक्तिलाई सम्मान स्वरूप विशेष राहतको नीति अवलम्बन गरिनेछ।

(७६) सामाजिक सुरक्षा भत्तालाई सवै वडामा वैकिङ प्रणालीमा आवद्ध गरिएको र वैंकसँगको सहकार्यमा यथासम्भव घर घरमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने कार्यलाई थप व्यवस्थित गर्न सिभिल बैंकको शाखा विचौरमा विस्तार गर्न आवश्यक पहल गरिने छ । हाल कार्यान्वयनमा रहेको जेष्ठ नागरिकलाई सम्मान गर्ने कार्यलाई हरेक वडाहरुमा विस्तार गरिनेछ । दलित र विपन्न बालबालिकालाई पोषण कार्यक्रम संचालन गरिनेछ ।

(७७)	सूचना व्यवस्थापन प्रणालीलाइ व्यवस्थित गरि घटना दर्ता अनलाइन प्रणाली मार्फत संचालनमा ल्याईएको सामाजिक सुरक्षा भत्ता अद्यावधिक गर्ने कार्यलाई समयमै व्यवस्थित गरिनेछ।

(७८)	यस गाउँपालिकाको टोल वडा हुँदै गाउँपालिकास्तरीय पूर्ण  सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिनेछ । प्रत्येक टोलमा टोल सुधार समिति गठन गर्नुका साथै सबै गाउँ वा टोलको सरसफाई र प्लाष्टिकजन्य वस्तुको कम उपयोग तथा व्यवस्थित गर्न प्रत्येक महिना टोल सरसफाई सहितको सचेतना कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**

(७९)	स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सुचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ ।

(८०)	विपद् व्यवस्थापनका लागि वडा/वडामा  विपद् व्यवस्थापन समिति गठन गरी समितिलाई क्रियाशील बनाउदै युवा परिचालनका लागि **गाउँपालिका अध्यक्षसंग युवा कार्यक्रम** यथाशीध्र संचालन गरिनेछ ।

(८१)	महामारीको रुपमा फैलिएको कोभिड १९ बाट गाउँपालिकामा पर्न सक्ने नकारात्मक प्रभाव न्युनीकरणका लागि खडा गरिएको प्रकोप व्यवस्थापन कोषको अति उत्तम उपयोग मार्फत राहत तथा पुनःस्थापना कार्यक्रम संचालन गरिनेछ ।

(८२)	विगतबाट पाठ सिक्दै आगामी आर्थिक वर्षमा टुक्रे योजना तथा कार्यक्रम पूर्णत निरुत्साहित गर्दै एक वार्ड एक गौरवको योजना संचालन गरिनेछ । असारे विकासलाई आगामी वर्ष अन्त्य गर्न योजना सम्झौताका कार्यलाई आश्विन महिनाबाट शुरु गरिनेछ । साथै ठुलो लागतका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रकृयामार्फत गरिनेछ ।

**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**

(८३)	जिल्ला प्रहरी कार्यालय र स्थानीय सरकारविचको समन्वयमा लागुपदार्थ दुव्यर्सन सम्वन्धी कार्यक्रम संचालन गरिने छ । त्यस्तै स्थानीय मेला तथा महोत्सवमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्न प्रभावकारी रुपमा नियमन गरिने छ ।

(८४)	सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारलाई कानुनी दायरामा ल्याई सभ्य समाज निर्माणमा जोड दिईनेछ । पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण गरिनेछ ।

(८५) सूचना प्रवाहमा राज्यको चौंथो अंग पत्रकारिताको व्यापक प्रयोग गर्न प्रत्येक वडामा पत्रकारिता प्रर्वदन कार्यक्रम संचालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरी हाम्रो सरकारको समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारहरुलाई उचित सम्मान गरिनेछ ।

(८६) सार्वजनिक प्रशासनलाई राजनीतिक सिद्धान्तबाट अलग राखी सरकारका नीति तथा कार्यक्रम निष्पक्ष रुपमा कार्यान्वयन गरी समृद्ध दुधपोखरी निर्माणमा समर्पित गराईनेछ ।

(८७) जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरणका साथै भ्रमण अवलोकन गराईनेछ ।त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्यक्षसंग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसंग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ। उत्कृस्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई सम्मानकार्यको सुरुवात गरिने छ।

**<u>गाउँसभाका सदस्यज्यूहरु,</u>**

(८८) गाउँपालिकाको कार्य संम्पादनलाई छिटोछरीतो प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीयता कायम गर्दै सूचना प्रविधिको अधिकतम उपयोग मार्फत शासन प्रणालीलाई स्थानिय तहबाट नै सुदृढिकरण गर्ने नीति अबलम्बन गरिनेछ ।

(८९) सेवाग्राहीका लागि जारी गरिने नागरिक वडापत्रलाई अध्यावधिक गरी सबै तह र वर्गको पहुचमा पुर्याउनका लागि सूचना बोर्ड, डिजिटल बडापत्र, मोवाईल एप्स, सामाजिक संञ्जाल पेज र वेव साईट मार्फत जानाकारी गराई नागरिकको सूचनामा सहज पहुँच पुर्याइने छ।

(९०) यसै आ . ब. ०७९/८० भित्रमा इन्टरनेट सेवा सम्पुर्ण वडा कार्यालय, स्वास्थ्य संस्था तथा आधारभुत तथा माध्यामिक बिद्यालयमा जडान कार्य सम्पन्न गरिनेछ । सेवाग्रहिको सुविधालाई मध्यनजर गर्दै डिजिटल नागरीक वडापत्र, हेल्पडेक्स आदिको व्यवस्था गरि कार्यालयको काममा आवश्यक पर्ने आबेदन फारामहरु गाउपालिकाको वेवसाईटबाट प्राप्त गर्न सकिने ब्याबस्था मिलाईने छ । कार्यालयको लेखा प्रणालीलाई व्यवस्थित गर्न प्रविधिको उपयोगमा जोड दिइनेछ ।

(९१) गाउँकार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, आधारभुत तथा माध्यमिक विद्यालयमा प्रयोगमा ल्याईएको विधुतिय हाजिरि प्रणालीलाई क्रमश प्राथमिक विद्यालयहरुमा समेत विस्तार गरिने छ। हाल पालिकामा प्रयोगमा ल्याइएको सि .सि क्यामेरालाई माध्यामिक विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा जडान गरी आन्तरीक अनुगमन पद्धतिलाई थप प्रभाबकारी बनाईनेछ ।

(९२) प्रविधिको प्रयोग तथा सूचनामा पहुँच अभिबृद्दी गर्न गाउपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुलाई सूचना प्रविधिसंग सम्वन्धित तालिम तथा कार्यशाला संञ्चालन गरिनेछ । गाउपालिका भित्रका सबै माध्यामिक बिद्यालयहरुको सूचना तथा जानकारी विद्यार्थी र शिक्षकको विबरण तथा भौतिक संरचनाको जानकारीको लागि वेवसाइट व्यवस्थापन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

(९३) यी नीति तथा कार्यक्रमको कार्यान्विनयबाट **"समृद्ध दुधपोखरी ,सुखी दुधपोखरीवासी"** को गन्तव्यमा पुगी **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

(९४) अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दल, संघ संस्था, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सदभाव र सहयोग हुनेमा विश्वस्त छु । गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझावको अपेक्षासहित विदा हुन्छु ।

! जय दूधपोखरी ! धन्यवाद !